**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ अगष्ट २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान गुजरातमा अहमदाबादको हंसलपुरमा हाइब्रिड बैटरी इलेक्ट्रोडको स्थानीय उत्पादनको उद्घाटन गर्नुहुनेछ अनि 100 देशहरुलाई बैटरी इलेक्ट्रिक वाहनहरुको निर्यातलाई हरियो झन्डा देखाउनुहुनेछ।

- केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भारतीय किसानहरूको हित र कल्याणलाई सर्वोपरि राख्दै अमेरिकाबाट कृषि उत्पादन आयात गर्न सरकारले अनुमति दिन अस्वीकार गरेको बताउनु भएकोछ ।

- सरकारले सरदार वल्लभभाई पटेल र आदिवासी नेता बिरसा मुण्डाको १५० औं जन्मजयन्ती तथा अटल बिहारी बाजपेयीको जन्म शताब्दीको उपलक्ष्यमा तीन वटा उच्चस्तरीय समिति गठन गरेको छ ।

- वित्त मंत्रालयले नया शुरू गरेको एकीकृत पेंशन योजना-यूपीएसमार्फत राष्ट्रीय पेंशन प्रणालीमा एकमुश्त एकतरफा समावेश हुने सुविधा ल्याएको छ ।

- दक्षिणी गाजाको एक अस्पतालमा भएको आक्रमणमा पाँच पत्रकारसहित बीस जनाको मृत्यु भएको छ।

**प्रधानमंत्री - गुजरात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान गुजरातमा अहमदाबादको हंसलपुरमा हाइब्रिड बैटरी इलेक्ट्रोडको स्थानीय उत्पादनको उद्घाटन गर्नुहुनेछ अनि 100 देशहरुलाई बैटरी इलेक्ट्रिक वाहनहरुको निर्यातलाई हरियो झन्डा देखाउनुहुनेछ। यस अवसरमा श्री मोदीले उपस्थित जनसमूहलाई संबोधित गर्नुहुनेछ।

प्रधानमंत्रीले अहमदाबादको हंसलपुर स्थित सुजुकी मोटर प्लांटमा दुइ ऐतिहासिक उपलब्धिहरुको उद्घाटन गर्नुहुनेछ। यो ऐतिहासिक पहल, भारतको हरित गतिशीलतामा एक वैश्विक केंद्रको रूपमा अगी आउने परिचायक हो अनि मेक इन इंडिया र आत्मनिर्भर भारतप्रति प्रधानमंत्रीको प्रतिबद्धतालाईपनि यसले अगि बडाउनेछ।

श्री मोदीले सुजुकीको पहिलो वैश्विक रणनीतिक बैटरी इलेक्ट्रिक वाहन-बीईवी **ई-विटारा**को उद्घाटन गरेर हरियो झंडी देखाऊनेछन। भारतमा निर्मित इन बीईवीको निर्यात यूरोप र जापान जस्तो उन्नत बाजारहरु सहित सय भन्दा अधिक देशहरुमा गरिनेछ। यस उपलब्धिको साथ, भारत अब सुजुकीको इलेक्ट्रिक वाहनहरुको वैश्विक विनिर्माण केंद्रको रूपमा कार्य गर्नेछ।

प्रधानमंत्रीले गुजरातमा टीडीएस लिथियम-आयन बैटरी संयंत्रमा हाइब्रिड बैटरी इलेक्ट्रोडको स्थानीय उत्पादनको शुरुआतको साथै भारतको बैटरी उत्पादन तंत्रको अगिलो चरणको पनि उद्घाटन गर्नुहुनेछ। तोशिबा, डेंसो र सुजुकीको संयुक्त उद्यमले , संयंत्र घरेलू विनिर्माण र स्वच्छ ऊर्जा नवाचारलाई बढ़ावा दिनेछ। यो विकासले सुनिश्चित गर्नेछ कि अब अस्सी प्रतिशतभन्दा अधिक बैटरीको निर्माण भारतमा नै गर्नसकिनेछ।

यसभन्दा अगी हिज प्रधानमंत्री मोदीले भन्नुभयो कि किसानहरु, पशुपालकहरु र साना उद्यमिहरुको हित राष्ट्रको निम्ति सर्वोपरि हो। उनले भन्नुभयो कुनैपनि दबावमा यस समूहहरुलाई कुनैपनि नुकसान हुन् दिनेछैन। प्रधानमंत्रीले हिज अहमदाबादको खोडलधाम मैदानमा पांच हजार चार सौ करोड़ रुपिया भन्दा अधिकको विकास परियोजनाहरुको लोकार्पण र शिलान्यास गरेपश्च्यात एक विशाल जनसभालाई संबोधित गर्दै यो कुरा भन्नुभयो।

**बाइट- पीएम**

प्रधानमन्त्रीले समाजका हरेक वर्गका लागि सम्मानजनक जीवन सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए । सहरी गरिबका

लागि जीवनयापनमा सहजता सरकारको उच्च प्राथमिकता रहेको उनको भनाइ थियो। भारतको रूपान्तरणकारी यात्राको चर्चा गर्दै प्रधानमन्त्री मोदीले देश आत्मनिर्भरतामा आधारित विकासको मार्गमा अघि बढिरहेको बताए। उनले सन् २०४७ सम्ममा भारत विकसित राष्ट्र बन्ने विश्वास व्यक्त गरे। उनले आत्मनिर्भर भारतको परिकल्पनालाई साकार पार्न मेड इन इन्डिया उत्पादनलाई प्राथमिकता दिन नागरिकहरूलाई आग्रह गरे र उत्पादकहरूलाई उत्पादनको गुणस्तर बढाउन अपील गरे।

## **शिवराज चौहान-IISER**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भारतीय किसानहरूको कल्याण र हितलाई प्राथमिकता दिन सरकारले अमेरिकाबाट कृषि उत्पादन आयात गर्न अनुमति दिन अस्वीकार गरेको बताएका छन्। भोपालमा भारतीय विज्ञान शिक्षा तथा अनुसन्धान संस्थानको दीक्षान्त समारोहमा बोल्दै श्री चौहानले भने कि नयाँ भारत आत्मविश्वासले भरिएको छ। नयाँ भारतलाई आफ्ना जनताको हितको रक्षा गर्न कसैको डर छैन। उनले भने कि सरकारले भारतीय किसान र माझीहरूको हित विरुद्धको कुनै पनि सम्झौतामा हस्ताक्षर गर्ने छैन। श्री चौहानले भारतका १४४ करोड नागरिकहरूलाई दैनिक प्रयोगको लागि स्वदेशी उत्पादनहरूलाई प्राथमिकता दिन प्रधानमन्त्री नरेन्द्र मोदीको आह्वानलाई पनि उल्लेख गरे। यसले अर्थतन्त्रलाई बलियो बनाउनेछ र नयाँ रोजगारी सिर्जना गर्नेछ।

## **सरकारी समिति**

सरकारले सरदार वल्लभभाई पटेल र आदिवासी नेता बिरसा मुण्डाको १५० औं जन्मजयन्ती र अटल बिहारी वाजपेयीको जन्मशताब्दी मनाउन तीन उच्चस्तरीय समिति गठन गरेको छ। केन्द्रीय संस्कृति मन्त्रालयका अनुसार प्रधानमन्त्री नरेन्द्र मोदी तीनै समितिका अध्यक्ष हुनेछन्। समितिहरूलाई देशभरका योजना, कार्यक्रमहरू अनुमोदन गर्ने, अनुगमन गर्ने र स्मरणार्थको मार्गदर्शन गर्ने जिम्मेवारी दिइएको छ।वल्लभभाई पटेलको जन्म ३१ अक्टोबर १८७५ मा गुजरातको नाडियाडमा भएको थियो। श्री पटेलले देशको स्वतन्त्रता संग्राममा महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनले धेरै छोटो समयमा ५६५ रियासतहरूलाई भारतीय संघमा सफलतापूर्वक विलय गराए, जुन एक अभूतपूर्व उपलब्धि हो। वल्लभभाई पटेललाई भारतका लौहपुरुषको रूपमा पनि चिनिन्छ।

बिरसा मुण्डा एक प्रसिद्ध आदिवासी नेता र स्वतन्त्रता सेनानी थिए। बिरसा मुण्डाको नेतृत्वमा उलगुलन अर्थात् ब्रिटिश शासन विरुद्धको क्रान्ति जस्ता आदिवासी आन्दोलनहरू ब्रिटिश दमनलाई चुनौती दिन मात्र महत्त्वपूर्ण थिएनन् तर राष्ट्रिय जागरणलाई पनि प्रेरित गर्थे। आदिवासी समुदायहरूले देवताको रूपमा पूजा गर्ने बिरसा मुण्डाले शोषणकारी औपनिवेशिक व्यवस्थाको विरुद्धमा भयंकर प्रतिरोधको नेतृत्व गरे, नोभेम्बर १५ मा उनको जन्मदिनलाई आदिवासी नायकहरूको सम्मान गर्ने उपयुक्त अवसर बनाए।

अटल बिहारी वाजपेयी एक कवि, लेखक र राजनीतिज्ञ थिए जसले तीन पटक देशको प्रधानमन्त्रीको रूपमा सेवा गरे। अटल बिहारी वाजपेयीको जन्मदिन डिसेम्बर २५ मा सुशासन दिवसको रूपमा मनाइन्छ। प्रधानमन्त्रीको रूपमा उनको कार्यकालमा, भारतले १९९८ मा पोखरण-II आणविक परीक्षण गर्‍यो।

## **गाजामा पत्रकारमाथि हवाई आक्रमण**

आज दक्षिणी गाजाको एक अस्पतालमा भएको आक्रमणमा पाँच पत्रकारसहित २० जनाको मृत्यु भएको छ। गाजा शहरको अल-शिफा अस्पताल नजिकै इजरायली लक्षित आक्रमणमा छ जना पत्रकार मारिएको दुई हप्तापछि यो घटना भएको अधिकारीहरूले बताएका छन्। पत्रकार सुरक्षा समितिका अनुसार, इजरायल-हमास द्वन्द्व मिडियाकर्मीहरूका लागि सबैभन्दा रक्तपातपूर्ण द्वन्द्वहरू मध्ये एक रहेको छ। २२ महिना लामो द्वन्द्वमा गाजामा १९२ पत्रकार मारिएका छन्।

यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको कार्यालयले घटनालाई दुखद दुर्घटनाको रूपमा वर्णन गर्दै देशले पत्रकार र चिकित्सा कर्मचारीहरूको कामलाई महत्व दिने बताएको छ। उनले जोड दिए कि इजरायलको सैन्य कारबाही हमासमा केन्द्रित छ, नागरिकहरूमा होइन।

**सरकार-यूपीएस-एनपीएस**

वित्त मंत्रालयले नया शुरू गरेको एकीकृत पेंशन योजना-यूपीएसमार्फत राष्ट्रीय पेंशन प्रणालीमा एकमुश्त एकपटक समावेश हुने सुविधा ल्याएको छ । एक आधिकारिक अधिसूचना  अनुसार, यो सुविधा यूपीएस धारकहरुलाई आफ्नो सेवानिवृत्तिभन्द एक साल पहिला या स्वैच्छिक सेवानिवृत्तिभन्दा तीन महीन पहिला उपलब्ध हुनेछ। बर्खास्ती, निष्कासन वा अनुशासनात्मक कारबाहीको सामना गरिरहेका कर्मचारीहरू यो सुविधाका लागि योग्य हुनेछैनन्। युपिएसबाट बाहिरिने समयमा कर्मचारीको एनपीएस कोषमा सरकारको ४ प्रतिशतको अन्तरयोगदान जोडिनेछ। पेन्सन सुविधालाई व्यवस्थित गर्न र लचिलोपन प्रदान गर्न यो कदम चालिएको हो। यसबाहेक, एनपीएसलाई दीर्घकालीन सेवानिवृत्ति समाधानको रूपमा सुदृढ पार्नु पर्दछ। सरकारले १ अप्रिल २०२५ देखि केन्द्र सरकारका कर्मचारीहरूका लागि राष्ट्रिय पेन्सन प्रणाली अन्तर्गत एक विकल्पको रूपमा यूपीएस सुरु गरेको छ। यूपीएसले कर्मचारीहरुलाई  सुनिश्चित भुगतान प्रदान गर्नेछ। जुलाई २०, २०२५ सम्म, लगभग ३१ हजार पाँच सय ५५ केन्द्रीय सरकारका कर्मचारीहरूले एकीकृत पेन्सन योजना रोजेका छन्। यस योजनाको निम्ति आवेदन गर्ने अंतिम तिथि 30 सितंबर, 2025 रहेको छ। यूपीएसलाई एनपीएस अन्तर्गत समावेश केन्द्र सरकारका कर्मचारीहरूको लागि एक विकल्पको रूपमा पेश गरिएको छ।